पञ्चपुरी नगरपालिकाको आ.व.२०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम

आदरणीय नगर सभा अध्यक्ष ज्यू,

सम्पूर्ण नगर सभा सदस्य ज्यूहरु,

१. विश्व नै कोभिड-१९(कोरोना संक्रमण) महामारीको चंगुलमा रहेको जटिल,चुनौतिपूर्ण र असहज अवस्थामा म आज यस पञ्चपुरी नगरसभालाइ सम्बोधन गर्न गइरहेको छु ।

२. यस्तो जटिल र चुनौतिपूर्ण अवस्थाका बावजुद यस पञ्चपुरी नगरपालिकाको सम्मानित सातौ नगरसभामा यस नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा उपस्थित हुनु हुने नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, नगरकार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, विषयगत शाखाका प्रमुखहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, राज्यको चौथो अङ्ग लगायत यस सम्मानित सभामा उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरुमा स्वागत गर्दछु ।विश्वलाइ नै आक्रान्त बनाएको यस कोरोना संक्रमणबाट यो नगरपालिका पनि अछुतो रहेन ।१ जनाको कोरोना संक्रमणकै कारण मृत्यु भयो भने आजका मितिसम्म ३७ जना मानिसहरुमा कोरोना संक्रमण भएको प्रमाणित भएको छ जसमध्ये ३ जना कोरोना जितेर घर फर्केका छन भने हाल ३३ जना संक्रमित मानिसहरु आइसोलेसनमा बसिरहेका छन ।यस कठिन र प्रतिकूल परिस्थितिलाइ पराजित गर्दै/व्यवस्थापन गर्दै नगरपालिकालाइ विकासको प्रचुर सम्भावना बोकेको प्राकृतिक सुन्दरताले भरिपूर्ण पर्यटकीय नगरीको रुपमा चिनाउन सकिने गरी आर्थिक समृद्धि तथा समग्र विकासको लागि आगामी आ.व.०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा गर्व महशुस गरेको छु ।

यस अवसरमा बिभिन्न समय तथा शासन व्यवस्था परिवर्तनका लागि भएका आन्दोलनका दौरान आफ्नो अमूल्य जीवनलाई प्रवाह नगरी समग्र मुलुक र जनताको हितमा आफ्नो जीवन आहुती गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै सम्पूर्ण घाइते, अपाङ्ग तथा बेपत्ता नागरिकहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु । यस नगरको परिकल्पना, विकास र उत्थानमा विगत देखि बर्तमानसम्म भूमिका खेल्नु भएका सम्पूर्ण क्षेत्रका महानुभावहरुको योगदानको उच्च कदर एवं प्रशंसा समेत गर्न चाहन्छु । श्रद्धेय अग्रजहरु, विद्धान वर्ग, राजनीतिक दल, न्याय प्रेमी जनसमुदायले गरेको साथ, सहयोग र योगदानप्रति हार्दिक आभार प्रकट गर्दछु ।

आदरणीय नगर सभा अध्यक्ष ज्यू,

नगरसभा सदस्य ज्यूहरु,

३. यस नगरको समग्र विकासको लागि नीति योजना तथा कार्ययोजना निर्माण गर्दा आवश्यक सूचना,तथ्याङ्क,अध्ययन,अनुसन्धान अप्रयाप्त तथा अपुरो रहेको सन्दर्भमा नगरको आवश्यक्ता अनुसारको वस्तुगत तथ्याङ्क सङ्कलन, सुक्ष्म अध्ययन, वैज्ञानिक विश्लेषण, समस्या पहिचान, समस्या समाधानका उपाय,

यसको कार्यान्वयनको खाकाको तयारी प्रारम्भिक कार्य हो । योजनाको प्रभावकारी तथा पारदर्शी कार्यान्वयन विकासमा गुणस्तरियता र यसको प्रतिफलको उपयोगको सुनिश्चितता गर्नु निकै आवश्यक रहेको छ ।

३.१ योजना अनुसारका कार्यक्रम र कार्यक्रम अनुसारका आयोजना परियोजना निर्माण भएमा मात्र विकास दिगो हुने हुँदा यस आ.ब.मा द्वि-वर्षिय अन्तरिम योजना निर्माण गर्न विशेष ध्यान पुर्‍याइनेछ ।

३.२ स्थानिय तह, संघीय सरकार र प्रदेश सरकारको अनुदान रकममा निर्भर रहेको परिप्रेक्षमा यस नगरको आन्तरिक आम्दानीलाई वृद्धि गर्न समग्र राजश्व सुधार कार्ययोजना तत्काल वनाई लागु गरिनेछ ।

४. जनताको नजिकको स्थानीय सरकार अन्तरगतका वडाहरुलाई न्यायोचित तथा सन्तुलित तरिकाले रकम बिनियोजन गरिनेछ । भुगोल,जनसङ्ख्या, तथा श्रोत सम्भाव्यताको अध्ययन गरी सम्बन्धित वडामा नगरस्तरीय कार्यक्रम गरिनेछ ।

४.१. यस नगरको बिकासको प्राथमिकतालाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक थप नीतिगत र कानूनी व्यवस्था गर्दै लगिनेछ ।

४.२ दिगो विकास गर्न सकिने सम्भावित नयाँ योजना तथा परियोजना तथा श्रोतहरुको हकमा सम्भाव्यता अध्ययन, लागत अनुमान र विस्तृत परियोजना प्रतिवेदनका लागि बजेट व्यवस्था गरिनेछ ।

४.३यस नगरको विकास र समृद्धिका लागि नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरी बिकासका बिबिध आयामहरुमा लगानीको वातावरण सिर्जना गरिनेछ ।

५. यस नगरमा रहेका ब्यापक समस्याहरु तथा हालै बिश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना संक्रमणको नियन्त्रण, रोकथाम तथा उपचार कार्यमा नगरपालिकाको बिकास बजेटबाट ठूलो रकम खर्च भइ विकास प्रकृया नै अवरुद्ध भएको तथा नगरपालिकाको प्रयासमा नगरपालिकाका बिभिन्न स्थानमा क्वारेन्टाइन तथा आइसोलेसन स्थापना तथा सञ्चालन गरी कोरोना संक्रमण रोकथाम नियन्त्रण तथा उपचारमा हाम्रो प्रभावकारी कदम रहेको रहेको यहाँहरुलाई विदितै छ । यस नगरका जनताको ज्यू ज्यानको सुरक्षा तथा जनस्वास्थ्य सँग जोडिएका बिबिध समस्याहरुबाट पार पाउनु हाम्रो कर्तव्य होव र त्यसमा हाम्रो दृढ सकंल्प रहेको कुरा म अवगत गराउन चाहन्छु । पञ्चपुरीबासीको जीवन र परिवेश सुधार गर्न जीवनपयोगी शिक्षा, सामाजिक सोच र जिम्मेवारीबाट सुसज्जित आत्मनिर्भर व्यक्ति, खुशी परिवार र स्वस्थ तथा उत्पादनसिल समुदाय निर्माण गर्दै मुलुकप्रति आदरभाव जागृत गर्न जनस्तरका आधारभुत आवश्यकता तथा जनस्वास्थ्यको अवस्थामा गुणात्मक सुधार गरी

"कृषि,पशुपालन,स्वास्थ्य तथा स्वरोजगार : सुदृढ जनस्वास्थ्य सहितको समृद्ध पञ्चपुरीको आधार" भन्ने नीति लिइनेछ । यसका लागि आर्थिक विकास , सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन , संस्थागत विकास तथा सेवा प्रवाह र वित्तीय व्यवस्थापन र सुशासन जस्ता क्षेत्रगत नीतिलाई प्रथामिकताका साथ अवलम्वन गरिनेछ ।

(क) आर्थिक विकास :

➢ आगामी आ.ब. २०७७/०७८ का लागि आ.व. ०७६/०७७ मा स्वीकृत कर दस्तुरको दरलाई निरन्तरता दिंदै करदाता र करको दायरा विस्तार गर्ने नीति लिइनेछ ।

➢ सबै भन्दा धेरै र नियमित रुपमा कर तिर्ने प्रत्येक वडाबाट एक एक जना करदातालाई नगरपालिकाले सम्मान गर्ने नीति लिईनेछ । तथा सबैभन्दा वढि कर जम्मा गर्ने वडा कार्यालयलाइ समेत संस्थागत रुपमा नै सम्मान गरिनेछ ।

➢ महिलाका नाममा सम्पति प्राप्त हुने गरी गरिने सिफारिस एवं प्रमाणितमा लाग्ने शुल्क,दस्तुरको १० प्रतिशत छुट दिने गत वर्षको नीतिलाई निरन्तरता दिइने नीति लिइनेछ ।

➢ नगर क्षेत्रमा रहेका सहकारी संस्थाहरुको अभिलेखलाई व्यवस्थित गरी संस्थागत क्षमता वृद्दि गरिनेछ ।

➢ सहकारीलाइ कृषि,पशुपालन तथा जनस्वास्थ्यका क्षेत्रमा काम गर्ने वातावरण सिर्जना गरिनेछ ।बाँझो जमिनको उपयोग गरी उत्पादनमूलक काममा संलग्न हुने सहकारीहरुलाइ प्रथामिकता दिइनेछ ।

➢ उद्यमशिलताको विकास गर्न आयमुलक रोजगारीका कार्यक्रम सञ्चालन गरी भारत लगायतका देशबाट फर्कि देशमा नै बिभिन्न व्यवसाय गरी स्थापित हुने युवाहरु तथा महिला,दलित,आदिबासी जनजाति,पछाडी परेका समुदायलाई लघु उद्यममा सहभागी गराइनेछ र उद्योग स्थापनाको लागि प्रोत्साहन गरिनेछ ।

<u>कृषि सम्बन्धी</u>

➢ कृषियोग्य तथा पशुपंक्षी पालनको लागि उपयुक्त ठाउँहरुको पहिचान गरी तरकारी , फलफूल खेति तथा पशुपंक्षी पालनको पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरिनेछ ।

➢ यस नगरको पहाडि भेगमा व्यवसायीक रुपमा पशुपंक्षीपालन, फलफूल खेती र जडिबुटीको पकेट क्षेत्रको रुपमा विकास गर्ने तथा विदेशबाट देश फर्केका युवाहरुलाइ व्यवसायिक कृषि तथा पशुपंक्षी पालनमा सहभागी गराउन विशेष व्यवस्था तथा पहल गरिनेछ ।

➢ किसानलाई लाभ हुने तथा आर्थिक विकासमा सहयोग पुग्ने उद्देश्यका साथ ५० प्रतिशत लागत सहभागितामा किसानलाई उन्नत जातका विउ/विजन,औषधी / विषादी तथा जैविक मल उपलब्ध गराइनेछ ।

➢ किसानलाई ५० प्रतिशत लागत सहभागितामा आधुनिक कृषि औजारहरु तथा प्रबिधि उपलब्ध गराउने कार्यक्रम ल्याइनेछ ।

➢ नगरका सम्पूर्ण वडाहरुमा स्थानीय आवश्यकता तथा माग पहिचान गरी मागमा आधारित खेती तथा पशुपंक्षी पालनमा बिशेष ब्यवस्था गरिनेछ ।

➢ बिदेशबाट फर्केका युवाहरुलाइ कृषि पेशामा आकर्षण गर्न बिशेष ब्यवस्था तथा कार्यक्रमहरु गरिनेछ ।

➢ सम्भावित क्षेत्रमा मौरीपालनको लागि सम्भाव्यता अध्ययन गरि कार्यान्वयनमा ल्याईनेछ ।

➢ ब्यवसायिक सुन्तलाखेति गर्ने सहकारी/कृषक समुह/निजि फार्म तथा कृषकहरुलाइ प्रोत्साहन गरिनेछ ।

➢ पञ्चपुरी नगरपालिकाको सम्पूर्ण वडाहरुमा कम्तिमा एक जना कृषि/पशु प्राविधिक को ब्यवस्था गरिनेछ ।

➢ तरकारि खेती पकेट क्षेत्र कार्यक्रम अन्तरगत टमाटर उत्पादनको लागि टनेल कार्यक्रम तथा पशुपंक्षी पालन को लागि खोर ब्यवस्थापन तथा चरन क्षेत्र ब्यवस्थापन कार्यक्रम ल्याइनेछ ।

➢ लागत सहभागितामा भकारो सुधार कार्यलाइ निरन्तरता दिइनेछ । साना सिचाइ कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।

➢ कृषि तथा पशुजन्य उत्पादनको बजारिकरणमा बिशेष ब्यवस्था गरिनेछ । उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

<u>पशुपंक्षी सम्बन्धि</u>

➢ पशु स्वास्थ्य सेवा कार्यक्रम अन्तरगत पशु सेवा शाखा बाबियाचौर बाट र पशु सेवा ईकाइ कार्यालय तातापानि ,छाप्रे ,सालकोट पलाईटे बाट सबै किशानहरुलाई सहज पहुँच पुऱ्याउने उद्देश्यका साथ तपसिल बमोजिमका कार्यक्रम निशुल्क रुपमा सेवा उपलब्ध गराइने छ । र अन्य वडाहरुमा आवश्यकता अनुसार घुम्ती सेवा उपलब्ध गराउने ब्यवस्था गरिनेछ । पशुपंक्षी सेवा शाखामा पशुस्वास्थ्य प्रयोगशाखा सञ्चालन गर्न आबश्यक ब्यवस्था गरिनेछ ।

क. मेडिकल उपचार सेवा कार्यक्रम संचालन गरीनेछ ।

ख. माईनर सर्जिकल उपचार सेवा कार्यक्रम संचालन गरीनेछ।

ग. गाईनोकोलोजिकल सेवा कार्यक्रम संचालन गरीनेछ ।

घ. पशु बन्ध्याकरण सेवा कार्यक्रम संचालन गरीनेछ ।

- प्रयोगशाला सेवा कार्यक्रम :– रोग पहिचानको लागी सबै इकाइ कार्यालयहरुमा प्राईमरी प्रयोगशाला सेवा उपलब्ध गराईने छ । जसको लागी आवस्यक सामागीहरु खरीद ,प्राविधिकलाई प्रयोगशाला सम्बन्धी तालीमको व्यबस्था गरीने छ ।
- भेटेरीनरी प्रसार सेवा कार्यक्रममार्फत दुर्गम स्थानका किसानका पशु पन्छीहरुलाई निशुल्क पशु स्वास्थ्य घुम्ती शिविर मार्फत सेवा उपलब्ध गराईने छ ।
- पशु प्रजनन सेवा कार्यक्रम:–स्थानिय स्तरमा पालन गरीयका स्थानिय जातका पशुहरुमा नस्ल सुधार गरी उत्पादकत्वमा बृद्धि गर्न कृतिम गर्भाधान सेवा प्रभावकारी गराइनेछ । दुध,फुल,मासु,मा आत्मानिर्भर भै युवास्वरोजगार भएको अवस्था सिर्जना गरिने छ । जस अन्तरगत कृत्रीम गर्भाधान सेवा पशु सेवा शाखाबाट सेवा उपलब्ध भै रहेको छ र यसको क्षेत्र विस्तारमा पहल गरीने छ भने दुर्गम स्थानका पशुहरुमा उन्नतजातका राँगा,गोरु,बोका वितरण गरी उत्पादकत्वमा बृद्धि गरीने छ ।
- पशु विकास कार्यक्रम:-पन्नपुरी नगरपालिकाका भरी उन्नत प्रविधिबाट पशुपंन्छि पालनलाई ब्याबसायिकरण गर्ने उद्धेष्यका साथ तपसिल बमोजिमका कार्यक्रम लागु गरीने छ ।
  - समुह मार्फत पशु पालन व्यवसायलाई ब्यावसायीकरण गर्न उपकरण तथा औजारहरुमा लागत सहभागिताको आधारमा उपलब्ध गराईने छ ।
  - बाख्राको खोर निर्माण सुधार कार्यक्रम संचालन गरीने छ ।
  - ब्रोईलर कुखुरा पालनमा १००० भन्दा बढी कुखुरा पालन गर्ने व्यबसायिक किसानलाई खोर निर्माण को लागी लागत सहभागिताको आधारमा सहयोग गरीने छ ।
  - चारा तयार गर्नेमेसिन तथा इन्कुबेटर तथा सोको लागि आवश्यक पर्ने उर्जा व्यवस्थाका लागि आवश्यक व्यवस्था गरिनेछ ।
  - डेरी पसल स्थापना र व्यवस्थापनमा लागत सहभागिता गरीने छ ।
  - व्यवस्थित पशु हाटबजार संचालनको लागी संम्भाव्यता अध्यन गरीने छ ।
  - पशुपंक्षीजन्य उत्पादनमा उत्पादनमा आधारित प्रतिफल उपलब्ध गराइने छ ।
- बोयर बाख्राको सुद्ध नश्लको फार्म सञ्चालन तथा व्यवस्थापनमा लागत सहभागिता गरिनेछ ।
  - छाडारुपमा छोडिएका गाईलाई पालनको लागी यसै स्थानीय तहमा गौशाला स्थापना वा प्रदेशभित्रका अन्य स्थानीय तहमा रहेका कृषि तथा पशुपालन गर्ने फर्महरुलाइ तहाँ लैजाने अनुमतीको लागि आवश्यक पहल गरीने छ ।
  - माछा पालनलाई ब्याबसायिक रुप दिन माछापालनमा लगानी गर्ने व्यवसायिक फर्महरुलाइ आवश्यकताको आधारमा लागत सहभागिता गरीने छ ।

- बंगुर पालन कार्यक्रममा लागत सहभागीता गरिने छ ।
- बिदेशबाट फर्की ब्यवसायिक रुपमा पशु पंन्छी र माछा पालन गर्ने किसानहरुलाई प्रोत्सान गर्न कृषक प्रोत्सान कार्यक्रम संचालन गरीने छ ।
- यस पञ्चपुरी नगरपालिका अन्तरगतका किसानहरुलाई ब्याबसायिक पशुपंन्छि पालन सम्बन्धी तालीमको ब्यबस्था गरीने छ ।

## श्रम तथा रोजगारी

- मर्यादित काम, सामाजिक सुरक्षा र आर्दश श्रमको सम्मान गर्न र असल श्रमको सम्बन्धको माध्यमबाट श्रमको उत्पादकत्व अभिवृद्धि गदै यस पञ्चपुरी नगरपालिका भित्र रहेका नागरिकहरुलाई काम र रोजागरीको अवसर सिर्जना गर्ने कार्यक्रम तय गरिने छ । कोभिड-१९ का कारण स्वदेश र बिदेशमा रहेका नागरिक समेतको रोजागारीमा असर परेको तथ्यलाई मनन गरी देश भित्र काम र रोजगारीको थप अबसरहरु सिर्जना गर्ने ब्यबस्था गरिने छ ।

- यस नगरपालिका सञ्चालन हुने बिकास निर्माणमा श्रम मुलक भौतिक बिकासका कार्यक्रमहरुमा बिपन्न परिवार लक्षित पारिश्रमिकमा आधारित श्रम कार्यक्रम सञ्चालन गर्ने ब्यबस्था मिलाईने छ । साथै बेरोजगार रहेका, कोरोनाका कारण रोजगारी गुमाएका र बैदेशिक रोजगारीबाट फर्केकालाई पारिश्रमिक सहितको जनसहभागितामुलक र प्रबिधि सहितको श्रममुलक विकास निर्माणमा परिचालन गरिने छ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रमको बिस्तार अनुरुप संघ,प्रदेश र स्थानिय तहमा सञ्चालित सार्बजानिक बिकास निर्माण कार्य श्रममुलक प्रबिधिबाट कार्यान्वयन गरिनेछ । कार्यक्रमहरुको प्रभावकारी कार्यक्रमको ब्यवस्था गरिनेछ । युवालक्षित सीप बिकास तालिमहरुको ब्यवस्था गरिनेछ ।

- कोरोनाको कारण रोजगारी गुमेका तत्काल पुनरुत्थान भई रोजगार सृजना हुन नसक्ने क्षेत्रमा कार्यरत रहेका मजदुरको सिप रुपान्तरण गरी अन्यत्र काम गर्न सक्षम तुल्याउन उत्पादन र सेवा क्षेत्रमा हस्तकला,प्लम्बिङ,बिजुली मर्मत, इलेक्ट्रोनिक्स, कुक, कालिगड,सिकर्मी,डकर्मी,सिलाई कटाई,ब्युटिसियन,कपाल कटाई,ड्राइभिङ्गपि लगायतका सिप विकास तालिम तथा सञ्चालन गरिनेछ ।

५.कोभिड-१९ को महामारीबाट स्वदेश र विदेशमा रोजगारी गुमाएका तथा बेरोजगार युवालाई श्रममुलक रोजगारीको माध्यमबाट बिकास क्रियाकलाप सँगै रोजगारी सिर्जना गरिनेछ ।

- मुख्यमन्त्रि रोजगार कार्यक्रमको माध्यमबाट विकास निर्माण,कृषि र उद्योग क्षेत्रमा युवा उद्यमीको विकास गरी स्वरोजगार सिर्जना गरिनेछ ।

- युबालक्षित कृषि तथा उद्यममा मौलिक सिप र नविन प्रबिधिको प्रयोग गर्दै स्वरोजगारी बिकास गर्न सहुलियत पुर्ण कर्जा, ब्याज अनुदान उपलब्ध गराउनका लागी आवश्यक पहल गरिनेछ ।

- संघ र प्रदेश सरकारको साझेदारीमा बेरोजगारका लागी सिप विकास कार्यक्रम सञ्चालन गरिनेछ । बेरोजगार र कोरोना प्रभाबित परिवारलाई रोजगारी अवसरमा प्रथामिकता दिईनेछ ।

- यस नगरपालिका भित्र रहेका आर्थिक, सामाजिक स्तर कमजोर रहेका भुमिहिन र दलितलाई परम्परागत सिपमा आधारित रोजगारी विकास गर्न उचित सहयोग गरिनेछ ।

- निजी,सहकारी,गैर सरकारी क्षेत्र, बिकास साझेदार र समुदायस्तरबाट सञ्चालन हुने रोजगारमुलक कार्यक्रमलाई सम्मन्वय,सहजिकरण तथा मुलप्रवाहीकरण गरिने छ ।

- रोजगार सेबा केन्द्रका दर्ता भएका श्रमिकलाई उपयोग गर्न निजी क्षेत्रका उत्पादनशील उद्योगले आफुलाई आबश्यक पर्ने श्रमिकलाई आबश्यक तालिम सहित रोजगारीका लागी आवश्यक पहल गरिने छ ।

**सामाजिक बिकास :**

लैंगिक समानता तथा सामाजिक समावेशिकरण

- निर्णय प्रक्रिया र आयोजना तथा कार्यक्रमको कार्यान्वयनमा बैदेशिक रोजगारबाट फर्केका युवा, महिला,दलित,आदिबासी जनजाती,बालबालिका,अपाङ्गता भएका व्यक्तिहरु, अल्पसंख्यक, जेष्ठ नागरिक तथा विपन्न वर्ग एवं पिछडा वर्गहरुको सहभागितामा जोड दिइनेछ ।
- सामाजिक कुरितीका रुपमा रहेका छुवाछुत, छाउपडी, बोक्सी, बालविवाह ,घरेलु हिंसा लगायतको अन्त्य गर्दै नगरपालिकालाइ सडक बालबालिका मुक्त क्षेत्र घोषणा गर्न पहल गरिनेछ ।
- बाल विवाह अन्त्यका लागि बिभिन्न कार्यक्रम गरिनेछ ।
- महिलाहरुलाई व्यवसायीकता तर्फ उन्मुख गराउन आयमुलक सीपमुलक कार्यक्रम सञ्चालन गरी आय आर्जमा बृद्धि गरी आर्थिक रुपमा आत्मनिर्भर तथा सामाजिक रुपमा सम्मानित बनाईने नीति लिईनेछ ।

- वडास्तरीय र नगरस्तरिय गठन भएका तथा नयाँ गठन हुने बाल क्लव हरुमार्फत बालबालिकामा क्षमता विकास तथा सुदृढीकरण गरिनेछ ।
- बाल तथा मातृ शिशु स्वास्थ्य तथा पोषण सम्बन्धि बिबिध कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ ।
- जनस्वास्थ्यका क्षेत्रमा बिबिध प्रभावकारी कार्यक्रममार्फत नागरिकहरुलाइ स्वास्थ्य सम्बन्धी सचेतना तथा जागरुकता बिकास गरिने छ ।
- पुर्वाधार निर्माण गर्दा लैङ्गिकमैत्री,बालमैत्री तथा अपाङ्गमैत्री सार्वजनिक भवन निर्माण गर्ने नीति लिइनेछ ।
- अपाङ्ग तथा ज्येष्ठ नागरिक परिचय-पत्र बितरण लाइ निरन्तरता दिइनेछ । यस्तो परिचय पत्र बितरणको ब्यवस्था सम्बन्धित वडामा नै स्थलगत रुपमा उपलब्ध गराइनेछ ।
- जेष्ठ नागरीकहरुको अनुभव र सीपलाई आर्थिक सामाजिक कार्यमा उपयोग गर्ने जेष्ठ नागरिकको सेवा सुरक्षा तथा सम्मान कार्यक्रम सञ्चचालन गरिनेछ । परम्परागत सीप तथा प्रबिधिहरुको प्रवर्द्धन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता पाउने वडा नं. १ र ७ बाहेक अन्य ९ वटा वडाहरुको लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता नेपाल सरकारको नीति बमोजिम बैङ्क खाताबाट भत्ता भुक्तानीको ब्यवस्था गरिनेछ । बैङ्कको पहुँच नभएको स्थानमा वडा कार्यालयमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने ब्यवस्था मिलाइनेछ ।
- वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई स्वरोजगार गराउन सीपमुलक तालिम, आय आर्जनका कार्यक्रम सञ्चालन गरि प्रत्येक वडाबाट सहभागीहुने गरी युवालाई ब्यवसायीक बनाइनेछ । व्यवसायिका कृर्षी तथा पशुपालन फार्म स्थापना गरि व्यवसायमा आवद्ध हुने युवाहरुलाई मागको आधारमा लागत सहभागिता गरिने छ ।
- अपाङ्ग,अनाथ,दृष्टिविहिन तथा कुपोषित बालबालिकाको स्वास्थ्या ,सुरक्षा एवम् संरक्षणको साथै पठन पाठन साथै जिवनयापनका लागि आवश्यक पहल गरिनेछ ।
- बालमैत्री स्थानीय शासन स्थापनाको लागी आवश्यक व्यवस्था गरिनेछ ।
- HIV/AIDS संक्रमित सहयोग कार्यक्रमको लागि आवश्यक रकमको व्यवस्था गरिनेछ ।
- नगरलाई बाल श्रममुक्त बनाउन बिशेष पहल गरिनेछ ।
- यसै आ.व भित्र नगरपालिकाका सम्पूर्ण टोलहरुमा टोल विकास संस्था गठन तथा व्यवस्थापन गरी सम्पूर्ण घरलाई टोल विकास संस्थामा आवद्वता गर्दै टोल विकास संस्थालाई सक्रिय बनाईनेछ । विकासका गतिविधिहरुमा टोल विकास संस्थाहरुको प्रभावकारी भूमीका हुने व्यवस्था गरिनेछ ।

- घरेलु मदिरा तथा सूर्तीजन्य पदार्थको प्रयोगलाई निरुत्साहित गर्दै नियन्त्रित बिक्री वितरणको व्यवस्था मिलाइनेछ ।
- महिलाहरुको आर्थिक, सामाजिक, शैक्षिक विकास लगायत समग्र सशक्तिकरणको लागि विशेष पहल गरिनेछ ।परम्परागत सीप तथा प्रविधीमा महिलाहरुलाई थप जागरुक बनाउन आवश्यक व्यवस्था गरिनेछ ।
- सरकारी तथा सार्वजनिक सेवामा महिलाको पहुँच बढाउन सीपमुलक तथा रोजगार मुलक कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।
- जातिय छुवाछुत तथा भेदभाव मुक्त नगर घोषणा गर्न विशेष पहल गरिनेछ ।

शिक्षा :-

- कोभिड-१९ (कोरोना संक्रमण) को महामारीमा क्वारेन्टाइन तथा आइसोलेशन स्थापना भइ सञ्चालन गर्दा बिद्यालयहरुको फर्निचर लगायतका पूर्वाधारहरुमा भएको क्षति तथा नोक्सानीको पूर्तीको लागि नगरपालिकाबाट आवश्यक व्यवस्था गरिनेछ ।
- लक्षित समूहका बालबालिकाको शिक्षामा पहुँच बढाउन शैक्षिक गतिविधिमा संग्लन हुन थप प्रोत्साहनका उपायहरु अपनाइनेछ ।
- स्वयमंसेवक शिक्षक व्यवस्थापन लाई निरन्तरता दिईनेछ ।
- सामुदायीक विद्यालयहरु तथा बालविकास केन्द्रहरुमा प्रयाप्त शैक्षिक सामाग्रीहरु व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालय तथा समुदाय स्तरमा रहेका बालविकास केन्द्रहरुको भौतिक सुधार तथा व्यवस्थापन गरिनेछ ।
- सूर्य प्रकाश मावि सालकोटमा प्राविधिक शिक्षालयको भौतिक पुर्वाधारको लागि आवश्यक रकमको व्यवस्था एवम् पहल गरिनेछ ।
- बालबिकास केन्द्रका सहयोगी कार्यकर्ता,बिद्यालयका शिक्षक,कर्मचारी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्वीको लागि तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयहरुलाई सूचना प्रविधि मैत्री बनाउन आवश्यक व्यवस्था गरिनेछ । शिक्षण सिकाइ प्रक्रियामा सूचना प्रविधिको प्रयोगलाइ प्रथामिकता दिइनेछ ।

- सामुदायिक बिद्यालयहरुमा पुस्तकालय,विज्ञान प्रयोगशाला तथा सूचना प्रबिधि ल्याब कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- सामुदायिक पुस्तकालय एवं बाचनालय निर्माण एवं व्यवस्थापनमा विशेष जोड दिइनेछ ।
- पूर्ण साक्षर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।बाल मैत्री सिकाईलाई प्राथमिकता दिइनेछ ।
- बिधालयमा बगैचा निर्माण कार्यलाई प्रोत्साहन गरिनेछ ।
- बालबालिकामा रहेको अन्तरनिहीत प्रतिभा पहिचान कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- सामुदायिक बिद्यालयहरुमा शिक्षामुलक तथा शैक्षिक गतिबिधि झल्कने भित्तेलेखन गरिनेछ । परम्परागत प्रविधिलाइ प्रदर्शन गर्ने ब्यवस्था मिलाइनेछ ।

**स्वास्थ्यः-**

- कोभिड-१९ संक्रमण नियन्त्रण रोकथाम तथा उपचार प्रणालीको बिकास गरि कार्यान्वयन गरिनेछ ।
- पालिकास्तरिय र्यापिड रेन्सपोन्स टिम तथा केश अनुसन्धान टिम लाइ बर्षभरी नै सक्रिय गराइनेछ । यसका लागि आवश्यक ब्यवस्था गरिनेछ ।
- स्वास्थ्य संस्था हाताभित्र जंक फुड निषेध गरिनेछ ।
- निजि स्वास्थ्य संस्थाहरु अस्पताल तथा मेडिकल समेत को नियमन कडा गरिनेछ ।एक आपसमा स्वास्थ्य सेवा आदान प्रदान गर्ने बिषयममा सहकार्य तथा समन्वय गरिनेछ ।
- नगरपालिका भित्र रहेका प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा सामुदायिक स्वास्थ्य इकाइहरुलाइ प्रबिधिमैत्री तथा श्रोतसाधन सम्पन्न बनाइनेछ ।
- सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा प्रयोगशालाको स्थापना तथा ब्यवस्थापन गरिनेछ ।
- नगरमा आधारभुत स्वास्थ्य सेवा केन्द्रको अवधारणा अनुरुप स्थापना भएका स्वास्थ्य केन्द्रहरुको यसै वर्ष स्थापना तथा व्यवस्थापन गरिनेछ ।सो व्यवस्था नहुदा सम्म सामुदायिक स्वास्थ्य इकाइहरुलाई निरन्तरता दिइ सञ्चालन गरिनेछ ।
- नगर क्षेत्र भित्र रहेका बर्थिङ्ग सेन्टरको व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ । साथै आधारभुत स्वास्थ्य केन्द्र हासेगाउँमा बर्थिङ सेन्टर स्थापना गरिनेछ ।
- यस नगरपालिका भित्र रहेको प्राथमिक स्वास्थ्य केन्द्र सालकोटमा कम्तीमा २५ शैयाको अस्पताल निर्माण कार्य भैरहेको हुँदा आवश्यक पर्ने अन्य पुर्वाधारको लागि आवश्यक रकमको व्यवस्था गर्न नेपाल सरकार तथा प्रदेश सरकार कर्णाली प्रदेश समक्ष पहल गरिनेछ ।

- किशोर,किशोरीको स्वास्थ्य सवल बनाउन प्रत्येक विद्यालयमा बिद्यालय स्वास्थ्य सरोकार समूह गठन गरिनेछ। ति क्लवहरुमा मुख स्वास्थ्य,यौन तथा प्रजनन स्वास्थ्य,मानसिक स्वास्थ्य,बालबिवाह,लागूऔषध दूर्व्यसन, जस्ता विषयमा कार्यशालाहरु तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- यस नगरपालिका अन्तरगत कार्यरत तर आधारभुत तालिम प्राप्त नगरेका महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम तथा पुनर्ताजगि तालिमको व्यवस्था गरिनेछ । निरन्तर स्वास्थ्य शिक्षा CME सञ्चालन गरिनेछ । महिला स्वास्थ्य स्वयं सेविका अक्षय कोषलाई निरन्तरता दिइ आवश्यक अनुदान रकम ब्यवस्था गरिनेछ ।
- नेपाल सरकारको नीति बमोजिम लागु भएको स्वास्थ्य विमा कार्यक्रममा सबै नागरिकको सहभागिता हुने ब्यवस्थाका लागि संयन्त्रको ब्यवस्था गरिनेछ ।
- आधारभूत स्वास्थ्यमा सबैको सहज पहुँच र सुरक्षित मातृ शिशु स्वास्थ्यको लागि विशेष गतिविधि तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पञ्चपुरी नगरपालिकाका स्वास्थ्य संस्थाहरुमा संस्थागत सुत्केरी वढाउनका लागि पञ्चपुरी नगरपालिका भित्रका सुत्केरीहरुलाई दिइदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिइनेछ ।
- सुरक्षित बर्थिङ्ग सेन्टर र खोप केन्द्रको निर्माण एवं व्यवस्थापनमा विशेष जोड दिइनेछ ।

-पञ्चपुरी नगरपालिका क्षेत्रमा पाठेघर खस्ने समस्यावाट पिडित महिलाहरुलाइ लक्षित गर्दै सो सम्बन्धी शिविर सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।

- पञ्चपुरी नगरपालिका भित्र सञ्चालित स्वास्थ्य संस्थाहरुमा औषधी अभाव हुन नदिनका लागि आवश्यक रकमको व्यवस्था गरिनेछ ।
- जेष्ठ नागरीक लक्षित आँखा शिविर सञ्चालन गरिनेछ ।
- आयुर्वेद उपचार पद्धतिको प्रवद्र्धन गर्न योग, ध्यान, शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- आयूर्वेद उपचार पद्धती लाइ स्वीकार तथा उच्च प्रयोग गर्दै नगरपालिकामा जडिबुटि उद्यान बनाइनेछ ।
- डाँडादरा आयूर्वेद औषधालय पञ्चपुरी ९ लाइ साधनश्रोत सम्पन्न बनाइनेछ । प्राथमिक स्वास्थ्य केन्द्र सालकोटमा समेत आयूर्वेद चिकित्सालाइ थप ब्यवस्थित गर्न आवश्यक ब्यवस्था गरिनेछ ।

गैरसरकारी संस्थाः

– विभिन्न क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाले सञ्चालन गर्ने कार्यक्रममा दोहोरोपना नहुने गरी समन्वयात्मक ढंगबाट कार्यक्रम सञ्चालन गरिनेछ । गैरसरकारी संस्थाहरुबाट हुने कार्यक्रमहरुलाई औचित्य र आवश्यकताका आधारमा स्वीकार गरिनेछ ।यसरी स्वीकार गरिने कार्यक्रमहरु नगरपालिकाको बार्षिक बजेटमा समेत समावेश गरिनेछ ।

खेलकूदः

- नगर खेलकुद विकास समिति गठन गरि खेलकुद विकासमा गतिविधिहरु सञ्चालन गरिनेछ । नगर भित्र खेल मैदान र खेलकूद पूर्वाधार निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ ।यसै वर्ष बावियाचौर रंगशालाको स्तरोन्नती गरिनेछ ।

- प्रत्येक वडामा १ खेलकूद मैदान निर्माण गर्न आवश्यक व्यवस्था गरिनेछ ।

- मेयरकप खेलकूद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

- खेलकुद विकास समितिलाई क्रियाशील बनाउन आवश्यक बजेट व्यवस्था गरिनेछ ।

पर्यटन, संस्कृतिः

- पर्यटन विकासको लागि ऐतिहासिक,पुरातात्वीक,धार्मिक,तथा सास्कृतिक पर्यटकीय स्थल तथा सम्पदाहरुको खोज, पहिचान,संरक्षण,प्रचारप्रसार तथा विकास र व्यवस्थापनमा जोड दिईनेछ ।
- पर्यटन मार्फत पञ्चपुरीलाई समुन्त गराउनको लागि भेरी र कर्णाली नदीमा ऱ्याफ्टीङ सम्भाव्यतालाई अध्ययन र सञ्चालन, विभिन्न तालहरुको संरक्षण र डुङ्गा सञ्चालन गरी आन्तरीक तथा बाह्य प्रर्यटनलाई बढवा दिइ आन्तरिक राजश्व वृद्वि गर्ने नीति लिइनेछ ।
- मदन आश्रीत गुरुयोजना अन्तरगत पार्क निर्माणलाई निरन्तरता दिइनेछ ।
- नगर क्षेत्र भित्र रहेको जाजुरा दह प्रमुख पर्यटकीय स्थल रहेको हुँदा स्थानीयवासीको सहभागितामा संरक्षण ,सम्बर्द्धन तथा विकास समिति गठन गरी तालको उपयोग, संरक्षण तथा व्यवस्थापन गरिनेछ । जाजुरा दहमा डुङ्गा सञ्चालनको लागी आवश्यक व्यवस्था गरिनेछ ।
- नगर क्षेत्रमा रहेका अन्य पर्यटकीय स्थल चमेरे गुफा, गुसीताल, पाँचतले गुफा, मादले गुफा, पञ्चपुरी देवस्थल, भेरी कर्णाली दोभानमा धार्मिक तथा पर्यटकिय पूर्वाधारहरु निर्माण गरिनेछ ।
- विभिन्न जातजातिका परम्परागत रितिरिवाज, परम्परा, चाड, पर्व, जात्रा, मेला,झाकी ,खेलकुद ,कला संस्कृति तथा मठ, मन्दिर, गुम्वा, चर्चहरुको संरक्षण र सम्वर्द्वन गरिनेछ । साथै उक्त क्षेत्रको प्रवद्र्धनको लागि श्रष्टा सम्मान कार्यक्रम लगायत विशेष कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिईनेछ ।
- कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्वनका लागि सम्भावित ठाउँ आदिबासी राजी बस्ती तातापानीमा होम स्टे, कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

खानेपानी तथा सरसफाई:

- नगरपालिका खुला दिसामुक्त क्षेत्र घोषणा भैसककेको हुँदा पूर्ण सरसफाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगर क्षेत्रभित्र स्वच्छ खानेपानीको सुविधावाट बञ्चित वासिन्दाहरुलाई खानेपानीको लागि, पिनेखोला फार्सेकाँडा हाँसेगाउँ खानेपानी, तातापानी खानेपानी, कुइने खानेपानी, वावियाचौर बरैंचे खानेपानी, विद्यापुर खानेपानी, दुलाल्थाई माझीगाउँ खानेपानी, हुड्के नार्सी खानेपानी निर्माण कार्य सञ्चालनमा रहेको हुँदा यस कार्यक्रमलाई थप प्रभावकारी बनाउन नेपाल सरकार र प्रदेश सरकारमा विशेष पहल गरिनेछ ।हाललाई त्यस्ता आयोजनाहरुको सम्पन्न गर्नको लागि दायित्व स्वीकार गरिनेछ ।
- नगर क्षेत्रभित्र सुलभ रुपमा स्वच्छ खानेपानीको प्रयास आपूर्तिमा सहयोग गरिनेछ ।फोहोरमैला व्यवस्थापन गर्न डम्पिङ्ग साइडको लागि आवश्यक स्थानको पहिचान गरी व्यवस्थापन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी स्वच्छ तथा सफा नगर नीति लिइनेछ ।
- खानेपानीको समस्या भएका क्षेत्रमा स्वस्थ खानेपानीको व्यवस्थाका लागि आयोजना परियोजना संचालन गरिनेछ । निर्माण का चरणमा रहेका खानेपानी योजनाहरुलाई क्रमश सम्पन्न गर्दै लगिनेछ ।
- जनस्वास्थ्यको महत्वपुर्ण क्षेत्रको रुपमा रहेको सरसफाईलाई थप महत्वका साथ आवश्यक व्यवस्था गरिनेछ ।

(ग) वन, वातावरण तथा विपद् व्यवस्थापन:

– नगर क्षेत्र भित्र रहेका सामुदायिक वन उपभोक्ता समूहबाट बार्षिक कार्ययोजना अनुसार सामुदायिक वनको कटानी एवं निजी वनमा रहेको काठ दाउरा सम्वन्धी कार्ययोजना नगर कार्यपालिकाबाट स्वीकृत गराई प्रचलित कानून बमोजिम वनजन्य सम्पदाको व्यवस्थापन गरिनेछ । त्यस्ता उपभोक्ता समितिको वार्षिक कुल आयको १० प्रतिशत रकम नगपालिकाको संचित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था गरिनेछ ।

– विकास योजना सञ्चालन गर्दा वातावरणमैत्री विकास प्रणालीलाई संस्थागत गर्दै जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यून गर्न सो क्षेत्रमा कार्यरत सरकारी गैरसरकारी संस्थाहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

- एकीकृत प्रविधियुक्त वन नर्सरी स्थापना, खानेपानी मुहान संरक्षण र नगरपालिकाको उत्तरी क्षेत्रलाई जलाधारको क्षेत्रको रुपमा संरक्षण गर्ने कार्यमा जोड दिईनेछ ।
- विपद व्यवस्थापन कोषलाई थप व्यवस्थित गरिनेछ ।विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि स्वीकृत गरि कार्यान्वयन गरिनेछ ।
- २०७१ को बाढीबाट प्रभावित भई विस्थापित घर परिवारहरुको उचित व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ ।
- नगर स्तरीय विपद् व्यवस्थापन समिति र वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई क्रियाशिल बनाईनेछ ।नगर विपद् पुर्व तयारी तथा प्रतिकार्य योजनाको निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।
- नगर क्षेत्रभित्र रहेका नदी, खोला, नाला, तालहरुको अतिक्रमण र प्रदुषित हुन नदिने र संरक्षण गर्न आवश्यक पहल गरिनेछ ।
- नगर क्षेत्रभित्र रहेको वन संरक्षण गर्ने कार्यमा आवश्यक पहल गर्नुको साथै उद्यान, पार्क निर्माण एवम् राजमार्ग तथा सडकको दायाँ बाँया वृक्षारोपण गरी हरियाली कायम गर्ने नीति लिईनेछ ।
- नगर क्षेत्र भएर बग्ने भेरी र कर्णाली नदीबाट वर्षेनी बसोबास योग्य जमीन कटान भैरहेकोले तटबन्धनको लागि आवश्यक पहल तथा व्यवस्था गरिनेछ ।
- नगरपालिकालाई प्लाष्टिक मुक्त बनाउन आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।यस कार्यक्रमसंग मिल्दोजुल्दो कार्यक्रम गर्ने गैरसरकारी संघसंस्थाहरुसँग आवश्यक समन्वयन तथा सहकार्य गरिनेछ ।
- सरसफाई र वातावरण संरक्षणमा सहयोग गर्ने व्यक्ति, संघ र संस्थालाई सम्मान गरिनेछ भने सडक क्षेत्र, नाली तथा जहाँतही फोहोर एवं निर्माण सामाग्री फाल्नेलाई कारवाही गर्ने नीति अबलम्बन गरिनेछ ।
- नगरमा पूर्ण सरसफाई कार्यक्रमलाई थप प्रभावकारी रुपमा निरन्तरता दिइनेछ ।
- सौर्य उर्जा र वायो ग्याँस विस्तारमा जोड दिइनेछ । वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रको समन्वयनमा थप कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(घ) पूर्वाधार विकास

भौतिक पूर्वाधारः

- बड्डीचौर-बाबियाचौर-वेनिघाट-दिपायल सडक (मदन भण्डारी मार्ग) कालोपत्रे गर्ने र नगर क्षेत्र भएर अन्य गाउँपालिका तथा जिल्ला जोड्ने रणनैतिक सडकहरु: चिसापानी(कैलाली)-बाबियाचौर-छाप्रे-जंगलाघाट-अछाम मंगलसेन जोड्ने सडक, कल्यानकाँध-भक्तडी-धनरास-डोटी सडक, छिन्चु-लेखपराजुल-हरिहरपुर-तरंगा-तातापानी सडक, राग विद्यापुर-दहताल-छाप्रे-अछाम मंगलसेन जोड्ने सडक, सालकोट-हाँसेगाउँ-धनबोट-चिउरी-जंगलाघाट सडक निर्माणको लागि विस्तृत सम्भाव्यता अध्ययन (DPR) र IEEगरी संघीय सरकार र प्रदेश सरकार समक्ष विशेष पहल गरिनेछ।

- नगर भित्रका सडकहरुलाई एक अर्को वडा हुँदै छिमेकी गाउँपालिका समेतलाई जोडी सडक सञ्जाल बनाउने र बाह्रै महिना यातायात सञ्चालन हुने गरी सडक मर्मत सुधारमा प्राथमिकता दिइनेछ ।
- अधुरा तथा क्रमागत आयोजनाहरुलाई निरन्तर पूर्णता दिइदै जाने ।
- नगरको चक्रपथको सम्भाव्यता अध्ययन(DPR)को लागि पहल गरिनेछ ।
- बनाईएका भौतिक पूर्वाधारलाई दिगोपनाको लागि पूर्वाधार विकासका कार्यक्रममा १% रकम कट्टा गरी सो रकम मर्मत सम्भार कोषमा जम्मा गर्ने र सोही कोषवाट नियमित मर्मत सम्भारको व्यवस्था गरिनेछ । योजना तथा आयोजनाहरु आधिकारीक रुपमा समुदायमा हस्तान्तरण गरिनेछ ।
- विकासलाई वातावरण मैत्री बनाउन आवश्यकता र औचित्यताको आधारमा मात्र नयाँ सडक खोल्ने र विस्तार गर्ने नीति लिइनेछ ।
- साना योजना तथा कार्यक्रमहरु भन्दा देखिने पूर्वाधार निर्माणमा विशेष जोड दिईनेछ ।पुर्वाधार निर्माण गर्दा मानव श्रमको प्रयोग अधिकतम गरिनेछ।
- नेपाल सरकारवाट भुकम्प प्रतिरोधात्मक घर निर्माण सम्वन्धी आधारभूत मापदण्ड लागु हुनु पूर्व निर्माण भएका घरहरुको अभिलेख राखी अभिलेखीकरण प्रमाणपत्र दिइनेछ ।यसै आ.व.मा घर नक्सा पास सुरु हुने गरि व्यवस्था गरिनेछ ।सोको लागी आवश्यक पर्ने भवन तथा बस्ती विकास शाखा गठन गरिनेछ ।
- नगर क्षेत्रको समृद्ध विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्दै PPP (Public Private Partnership) मोडलबाट विकास निर्माणका कार्यहरु सञ्चालन गर्ने नीति लिइनेछ ।सोको स्वामीत्व नगरपालिकाले लिने व्यवस्था गरिनेछ ।
- यस नगर क्षेत्र भित्रका सिंचाइको सम्भावना भएका तथा सिंचाइको अभाव रहेको क्षेत्रको लागि सिँचाई बाँध तथा कुलो निर्माण तथा मर्मत सम्भार कार्यको लागि आवश्यक व्यवस्था गरिनेछ ।सिचाई बाध तथा कुलोहरुबाट सिचाई सम्भव नहुने ठाउँहरुमा लिफ्ट प्रविधीबाट सिचाई व्यवस्था गरिनेछ ।
- ठूला सिँचाई आयोजना निर्माणको लागि संघीय सरकार र प्रदेश सरकारमा पहल गरिनेछ ।

- नगर क्षेत्रभित्र केन्द्रीय विद्युतलाईन विस्तार गर्न पहल गरिनेछ र जन सहभागितामा आधारित लघु विद्युत, सौर्य उर्जा, वायो ग्याँस आदि वैकल्पीक उर्जाका कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।
- पञ्चपुरी नगरपालिकाको एकीकृत शहरी विकास योजना निर्माणको लागि संघीय सरकार र प्रदेश सरकारमा विशेष पहल गरिनेछ ।
- भू–उपयोग तथा नगर यातायात गुरुयोजना तयार गर्ने कार्य भैरहेको हुँदा सो गुरुयोजनालाई कार्यान्वयनमा ल्याइनेछ ।
- बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड बनाई राष्ट्रिय भवन संहितालाई कार्यान्वयन गरी भुकम्प प्रतिरोधात्मक भवन निर्माण कार्यमा जोड दिइनेछ ।
- नगर क्षेत्रभित्र रहेको अव्यवस्थित बसोबास र सुकुम्वासी बस्तीलाई व्यवस्थित गर्न पहल गरिनेछ ।
- भुकम्प प्रतिरोधात्मक भवन निर्माणका लागि प्रोत्साहित गर्न डकर्मीहरुलाई तालिम दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान र विशेष अनुदानबाट सञ्चालन हुने आयोजनाको लागि लागत सहभागिता गर्न आवश्यक रकम विनियोजन गरिनेछ ।

दिर्घकालिन पूर्वाधारः

–नगर क्षेत्र भएर जाने राष्ट्रिय सडक तथा यातायातलाई ध्यानमा राखी नगर वसपार्क, शवदाह गृह, कवर्डहल,बी.पि.रंगशाला , पशु वधशाला, शीतभण्डार गृह .जेष्ठ नागरिक विश्राम स्थल, शैक्षिक प्रतिष्ठानका क्षेत्रहरु, फोहोर प्रशोधन केन्द्र, ढल निकास आदि जस्ता क्षेत्रहरुको सम्भाव्यता अध्ययन (DPR) गरी प्राथमिकताको आधारमा योजना बनाई क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

(ङ) संस्थागत विकास तथा सेवा प्रवाह

सेवा प्रवाह र सुशासनः

- नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयको दैनिक कार्य व्यवस्थित रुपमा सञ्चालन गर्न नगरपालिका र वडा कार्यालयहरुको भवन निर्माणको कार्य भैरहेको हुँदा नगरपालिकाबाट समेत बजेट

विनियोजन गरी आवश्यक बजेट व्यवस्थाका लागि सम्बन्धित निकायमा पहल गरिनेछ र निर्माण भैसकेका कार्यालयहरुको लागि नगरबाट आवश्यक व्यवस्थापन सामाग्रीहरु खरिद गरिने व्यवस्था गरिनेछ।

- कार्यालयलाई आवश्यक पर्ने थप सवारी साधनहरु तथा मेशिन उपकरण खरिद गर्ने कार्य गरिनेछ ।
- कार्यालयबाट सम्पादन हुने कार्यलाई सेवाग्राहीमैत्री तथा प्रबिधिमैत्री बनाइनेछ ।
- स्थानीय तहलाई प्राप्त अधिकार र जिम्मेवारी अनुसार नगरपालिकालाई आवश्यक पर्ने थप कानूनहरु बनाई स्वीकृत गरी लागु गरिनेछ ।
- कर्मचारी तथा पदाधिकारीको क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ।
- न्यायिक समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन आवश्यक संरचना तथा रकमको व्यवस्था गरिनेछ ।
- नगर क्षेत्रभित्र रहेको प्रहरी सेवा र नगर प्रहरी सेवाको व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।
- वडा समितिले गर्नु पर्ने सम्पूर्ण कार्यहरु वडाबाटै सम्पादन हुने गरी सबै वडामा इन्टरनेटको पहुँच सहितको कम्प्यूटरको व्यवस्था गरिसकिएकोमा अब कर्मचारीहरुको क्षमता विकासमा आवश्यक व्यवस्था गरिनेछ ।
- वडा कार्यालयहरुबाट प्रबाह हुने सेवाको गुणस्तर कार्यालयसंग प्रत्यक्ष सम्बन्धित हुनेहुदाँ वडा कार्यालयको सेवा प्रवाहलाइ थप प्रभावकारी बनाउन सञ्चालन खर्चको आवश्यक व्यवस्था गरिनेछ र थप प्रविधिमैत्री बनाइनेछ ।
- करदाता तथा सेवाग्राहीहरुलाई सम्मानपूर्वक सहज रुपमा कर एवं राजश्व बुझ्ने बुझाउने, सेवा लिने वातावरण मिलाईनेछ ।
- नगरपालिकाको कार्यालय तथा प्रत्येक वडामा नागरिक वडापत्रको प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ ।
- नगर कार्यपालिका कार्यालयको संगठन विकास अध्ययन गरी आन्तरिक आयको आधारमा आवश्यक दरबन्दी सृजना गर्ने, कर्मचारीको पद पूर्ति गर्ने र प्रत्येक कर्मचारीको कार्य विवरण तयार गरी कार्य विवरणमा उल्लेखित कार्य सम्पादन गर्ने व्यवस्था मिलाइने छ । कार्यसम्पादन मूल्यांकनलाइ कार्यबिवरणसंग प्रत्यक्ष जोडिने छ ।
- नगरपालिकाको Website: panchapurimun.gov.np अध्यावधिक गरी नगरपालिकाको हरेक सूचनालाई website मा राखिनेछ । सामाजिक सञ्जालमा समेत आधिकारीक खाताहरु सञ्चालनमा ल्याइनेछ ।
- नगरको सेवा प्रवाहलाई प्रभावकारी बनाउन अडियो, नोटिस वोर्ड, साथै हेलो पञ्चपुरी रेडियो कार्यक्रम सञ्चालन गरिनेछ ।

- आर्थिक वर्षमा कम्तीमा ३ पटक नगरपालिकाबाट प्रदान गरिने सेवा र सुविधाका बारेमा फरक फरक वडामा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ र वडाहरुले वर्षमा कम्तीमा १ पटक अनिवार्य रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने व्यवस्था गरिनेछ ।
- नगर कार्यपालिकाले आफ्नो आन्तरिक श्रोतको आधारमा कर्मचारीहरुको लागि  आवश्यक प्रोत्साहन भत्ताको व्यवस्था गर्नेछ । साथै कर्मचारीको मनोबल उच्च पार्ने नीति लिईनेछ ।
- नेपालको संविधान र कानूनले नगरपालिकाले गर्ने भनी तोकेका कार्यहरु क्रमशः कार्यान्वयन गरी व्यवस्थित गर्दै विद्युतीय सेवा शुरु गर्ने नीति लिइनेछ ।
- नगर कार्यपालिकाको खर्च लेखा प्रणाली आ.व. ०७६/०७७ देखि विद्युतीय प्रणाली(SUTRA)द्वारा सञ्चालन भएको हुदाँ यसलाइ निरन्तरता दिइनेछ ।
- नगरस्तरीय र वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन भै सकेको हुँदा योजना कार्यान्वयन तथा अनुगमन कार्यलाई केही सहज बनाएको छ । नगर क्षेत्र भित्र सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन र मूल्याङ्कन गरी पारदर्शी बनाईनेछ ।
- नगरपालिका तथा वडा कार्यालयलाई सूचना तथा प्रविधिमैत्री बनाईनेछ ।
- सञ्चार क्षेत्रलाई आवश्यक सहयोग गरिनेछ ।

(झ) वित्तीय व्यवस्थापन र सुशासन

राजश्व र लेखाः

– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम यस नगरपालिकामा लागु भएको एकीकृत सम्पत्तिकर सोको ब्यवस्थापन सूचना प्रणाली कार्यान्वयनलाई थप प्रभावकारी बनाइनेछ ।

-सुत्र (SUTRA) कार्यान्वयन भैरहेको हुदाँ सोको निरन्तर प्रयोग गर्ने निती लिइनेछ । यसको प्रयोगमा आर्थिक प्रशासन शाखाको तत्परता तथा तदारुकतालाइ धन्यवाद प्रश्ताव पारित गर्ने निर्णय गरियो ।

- आन्तरिक आय बृद्धि हुने किसिमका कार्यहरुलाई प्राथमिकता दिइनेछ ।
- व्यवसाय कर र घर वहाल कर असुलीलाई प्रभावकारी बनाउन नगर भित्रका सबै वडाका उद्योग, व्यापार, व्यवसायीहरुको लगत खडा गरी स्थलगत असुली अभियानको थालनी गरिनेछ ।
- कर्मचारीहरुको तलवभत्ता सम्बन्धी ब्यवस्था सघींय निजामती सेवाबाट समायोजन भइ आएका तथा साबिक स्थानीय निकाय/हाल स्थानीय तहमा स्थायी नियुक्ति भएका कर्मचारीको हकमा नेपाल सरकारले आ.ब.०७७/७८ को बजेटमा उल्लेख गरेबमोजिम यथावत राखिनेछ ।

- यस नगरपालिका अन्तरगतका वडा कार्यालय तथा विषयगत शाखाहरुमा कार्यरत सेवा करार कर्मचारीहरहको तलभब भत्तामा तहगत रुपमा एकरुपता कायम गरिनेछ ।
- सरकारी कोषहरु कर्मचारीहरुलाइ सामाजिक संघसस्था बाहेकका बिभिन्न संघसस्थाहरुमा नियम बिपरितिरित हुने सहभागीतालाइ निरुत्साहित गरिनेछ । यस्तो भएको पाइएमा नियमानुसार गरिनेछ ।
- कर्मचारीहरुलाई प्रोत्साहन गर्नका निम्ती कामको आधारमा आवश्यक्ता अनुसार प्रोत्साहन भत्ता उपलब्ध गराउने नीति लिइनेछ ।
-

– अपाङ्ग, असहाय, असक्त, दैवी प्रकोप पीडित, द्वन्द पिडित, ७० बर्ष माथिका जेष्ठ नागरिकलाई निःशुल्क सिफारिस गरिनेछ । कोरोनाको कारण ज्यान गुमाएका मानिसका परिवारहरुको सिफारिस निशुल्क गरिनेछ ।

– सुशासन कायम गर्नका क्रमशः सरकारी कार्यालय यसका शाखाहरु तथा सरकारी बिद्यालयहरुमा बिद्युतिय हाजिरी व्यवस्था गर्दै लगिनेछ । कार्यसम्पादनको आधारमा नगर तथा वडा कार्यालयहरुबाट छनौट हुनेगरी हरेक बर्ष उत्कृष्ठ कर्मचारी छनौट गरी पुरस्कृत गर्ने नीति लिइनेछ ।

– राजश्व,प्रशासन,योजना र अभिलेख प्रणालीलाई सफ्टवयर मार्फत व्यवस्थित बनाइनेछ । वडा कार्यालयहरुमा राजश्व संकलन कार्यको लागि राजश्व सफ्टवयर खरिद गरिनेछ यसलाई नगरको राजश्व सफ्टवयरसंग लिङ्क गरिनेछ ।यसका लागि आवश्यक सफ्टवयर र सोको सञ्चालनको लागि आवश्यक पर्ने उर्जाको प्रयास व्यवस्था गरिनेछ ।

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रम तयारीका क्रममा सल्लाह सुझाव र योगदान गर्नु हुने राजनीतिक दलका प्रतिनीधि, विज्ञ समूह, निजी क्षेत्र, नागरीक समाज,सञ्चार कर्मी तथा सम्पूर्ण नगरबासीहरु तथा अहोरात्र खटि ड्राफ्ट गर्न सहयोग गर्ने कर्मचारीहरु, प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहयोग गर्नुहुने सम्पूर्ण व्यक्तीहरुप्रति अन्तरहृदयबाट आभार र कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद!!!!